# ५ अदन पछिका सञ्चयकर्ताहरु

*<u>यस अध्यायका मूल पदहरू:</u>* यशैया २२:१४-१८, १ कोरन्थी ४:१,२, कलस्सी २:२,३, एफिसी ६:१३-१७ र २ कोरन्थी ५:१०।

*<u>यस अध्यायको मूल सार पद:</u>* "४ तर जसरी सुसमाचार हाम्रो जिम्मामा सुम्पनका निम्ति परमेश्वरले हामीलाई योग्य ठान्नुभयो, त्यसरी नै मानिसलाई प्रसन्न पार्न होइन, तर हाम्रो हृदय जाँच्नुहुने परमेश्वरलाई प्रसन्न पार्न हामी बोल्दछौं। ५ तिमीहरूलाई थाहै छ कि हामीले कहिल्यै खुशामदीका कुरा गरेनौं, न हामी लालचको बहानामा फस्यौं। यसको साक्षी परमेश्वर हुनुहुन्छ। १ थेसलोनिकी २:४-५।

परमेश्वरले आदम र हव्वालाई सुम्पिदिनुभएको पहिलो काम नै सञ्चिता (हिफाजत)थियो। अदनको बगैंचा र संसारमा भएका सम्पूर्ण सृष्टिको हेरचाह गर्न, त्यसबाट रमाइलो हुन र त्यहाँ भएका जीवहरूमाथि अधिकार जमाउने काम आदम र हव्वाको थियो (उत्पत्ति २:१५)। यो पनि हामीले ख्याल गर्नुपर्छ कि सृष्टि गरिएका कुनै पनि थोकहरू तिनीहरूले "हाम्रो" भनेर दावी गर्ने अधिकार थिएन। बरू तिनीहरूको सञ्चिता (हिफाजत)वा हेरचाह गर्न परमेश्वरले तिनीहरूकै भरोसामा छोड्नुभएको थियो।

सञ्चिता (हिफाजत)अर्थात् स्टुवार्डको अर्थ के हो भनेर हामीले यस अध्यायमा गहिरिरिएर हेर्नेछौं। विशेष गरेर हामीहरूका प्रथम पूर्खालाई अदनको बगैंचाबाट निकालिएपछि तिनीहरूका सन्तानलाई पनि यस संसारको सञ्चिता (हिफाजत)गर्ने अभिभारा सुम्पिएको जारी नै छ भनेर हामीले यस अध्यायमा हेर्नेछौं। हो, हामी सबैलाई सञ्चिता (हिफाजत वा भन्डारेपन)वा स्टुवार्ड हौं तर आदम र हव्वाले सञ्चिताको उपभोग गरेका प्रथम वातावरण भन्दा हामीहरूको वातावरण भिन्नै छ।

स्टुवार्डशीप वा सञ्चिता (हिफाजत)गर्नु भनेको के हो? बाइबलमा केही पात्रहरू छन् जसको जीवनले सञ्चिता (हिफाजत)गर्नु भनेको के हो सो देखाएका थिए। बाइबलमा अरू पदहरू छन् जसले गर्दा सञ्चितालाई स्पष्ट रूपमा व्याख्या गरेका छन्। जब हामी परमेश्वरका सञ्चिता (हिफाजत)गर्ने पात्रहरू हुन पुग्छौं तब यस संसारका भौतिक श्रीसम्पत्तिप्रतिको मूल्यमान्यतामा

परिवर्तन भएर हामीहरूको ध्यान सृष्टिकर्ता र उहाँले सुम्पिनुभएको अभिभारामा पुऱ्याउँछौं। आदम र हव्वालाई जस्तै परमेश्वरले हामीलाई यस्तो जिम्मेवारीहरू सुम्पिनुभएको थियो जुन् सृष्टिकै सुरूमा थियो। पापको प्रवेश पछि सञ्चिता (हिफाजत)गर्ने काममा केही परिवर्तन आएको त छ। यस संसारको भौतिक सम्पदा वा सम्पत्तिको मात्र सञ्चिता (हिफाजत)गर्ने नभएर आत्मिक सत्यताहरूको पनि असल सञ्चिता (हिफाजत)गर्न परमेश्वरले हामीहरूको भरोसामा छोड्नुभएको छ।

## १. पुरानो करारमा सञ्चिता (हिफाजत)गर्ने पात्रहरू (उत्पत्ति ४३:१९,४४:१,४, १ राजा १६:९)

"सञ्चिता " वा स्टुवार्ड भन्ने शब्दलाई पुरानो करारमा केवल थोरै ठाउँहरूमा मात्र अनुवाद गरिएको छ। प्रायजसो घरमा हेरचाहा गर्ने वा घरलाई सम्हाल्ने व्यक्ति भनेर सञ्चिताको अर्थलाई बुझाइएको छ (उत्पत्ति ४३:१९, ४४:१,४, १ राजा १६:९)। सञ्चिता (हिफाजत)गर्न सुम्पिएको मानिसलाई घर सम्हाल्न वा मालिकको श्रीसम्पत्ति वा भन्डारलाई जगेर्ना गर्न र मालिकले जे भन्यो सो काम गर्न खटाइएको हुन्छ। यस अर्थमा स्टुवार्ड वा सञ्चिता (हिफाजत)गर्न खटाइएको व्यक्तिलाई भण्डारे भने पनि मनासिव देखिन्छ। सञ्चिता (हिफाजत)गर्ने व्यक्ति वा भण्डारेका विशेष गुणहरू तिनीहरूको कामसँग जोडिएकोले त्यसैलाई पुरानो करारमा भण्डारे वा सञ्चिता (हिफाजत)गर्नुको परिभाषा पाइन सक्छ। मालिकको भन्डार रेखदेख गर्ने वा मालिकको श्रीसम्पत्तिलाई सम्हाल्ने मानिस आफ्नो कामबाट अलग हुन सक्दैन किनभने उसको कामले उसको पहिचान दिन्छ।

पुरानो करारमा सञ्चिता (हिफाजत)गर्नेको विशेष गुणहरू स्पष्टरूपमा उल्लेख गरिएका छन्। पहिलो त सञ्चिता (हिफाजत)गर्न नियुक्त गरेको व्यक्तिलाई ठूलो अभिभारा सुम्पिएको हुन्छ (उत्पत्ति ३९:४)। स्वामीको भन्डार वा श्रीसम्पत्ति हेर्न मानिसलाई उसको खुबीले गर्दा चुनिएको हुन्छ। उसले काम सम्पन्न गरेको आधारमा उसको मालिकले उसलाई सम्मान दिन्छ र विश्वास गरेको हुन्छ। दोस्रोमा सञ्चिता (हिफाजत)गर्ने व्यक्तिलाई यो थाहा हुन्छ कि उसको मालिकको स्वामित्वमा रहेको के वस्तु छ र उसलाई सञ्चिता (हिफाजत)गर्न सुम्पिएको छ (उत्पत्ति २४:३४-३८)। स्वामी र भण्डारे वा सञ्चिता (हिफाजत)गर्न सुम्पिएको व्यक्तिको बीचमा भारी भिन्नता यही हो।

आफू कुन स्थानमा छु भनेर भण्डारे वा सञ्चिता (हिफाजत)गर्न अभिभारा सुम्पिएको मानिसलाई थाहा हुन्छ। तेस्रोमा जब भण्डारेहरू वा सम्पत्ति सञ्चिता (हिफाजत)गर्न नियुक्त गरेका मानिसहरूले तिनीहरूलाई जिम्मा दिएको बस्तुहरूलाई आफ्नै व्यक्तिगत स्वार्थको निम्ति प्रयोग गर्छन् तब तिनीहरू र मालिकको बीचमा भएको विश्वास विग्रन जान्छ र तिनीहरूलाई जिम्मेवारीबाट हटाइन्छ (उत्पत्ति ३:२३, होशे ६:७)।

राजा हेजकियाले शेबालाई उनको भन्डारको हेरबिचार गर्न र खजाञ्चीको काम गर्न नियुक्त गरेका थिए। दुवै कामको पद सम्हाल्नु भनेको उसमाथि अत्यन्त महत्त्वपूर्ण अख्तियार सुम्पिएको थियो। तर जब उसले त्यस अख्तियारको दुरूपयोग गऱ्यो तब उसलाई के भयो, हेर्नुहोस्? **यशैया २२:१४-१९ "१४ सर्वशक्तिमान् परमप्रभुले मेरो कानमा यो प्रकट गर्नुभयोः "यो पाप तिमीहरूको मर्ने दिनसम्म पनि प्रायश्चित गरिनेछैन," परमप्रभु, सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। १५ परमप्रभु, सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छः "यो भण्डारे शेब्नाकहाँ जा, जो राजदरबारको जिम्मेवार हो, र त्यसलाई भन्, १६ तिमी यहाँ के गर्दैछौ? र तिमीले आफ्नो निम्ति यहाँ चिहान खोप्न कसले तिमीलाई अनुमति दियो? तिमी यहाँ अल्गो ठाउँमा आफ्नो निम्ति चिहान बनाउन र चट्टानमा आफ्नो विश्रामस्थान बनाउन खोपिरहेछौ। १७ ए पराक्रमी पुरुष, होशियार बस्, परमप्रभुले तिमीलाई खूब कसेर समात्नुहुनेछ र खूब जोरसित फ्याँक्नुहुनेछ। १८ उहाँले तिमीलाई भकुन्डोजस्तै गोलो लपेटेर एउटा ठूलो देशमा फालिदिनुहुनेछ। त्यहीं तिमी मर्नेछौ र तिम्रा भव्य रथहरू पड़िरहनेछन्– तिमी आफ्ना मालिकको घरलाई लज्जित पार्नेछौ। १९ म तिमीलाई तिम्रो कामबाट निकालिदिनेछु, र आफ्नो स्थानबाट तिमी खसालिनेछौ।"**

"जुन व्यक्तिलाई श्रीसम्पत्तिको रेखदेख गर्न वा सञ्चिता (हिफाजत)गर्न खताइएको हुन्छ त्यो व्यक्ति त्यस सम्पत्तिको मालिकसँगै चिनिएको हुन्छ। उसले सञ्चिता (हिफाजत)गर्ने जिम्मेवारी बोक्न सहमति गरेको हुन्छ। उसको मालिकको सट्टामा उसले काम गरेको हुन्छ। मालिकले अध्यक्षता गरेको जस्तै उसले पनि मालिकको सम्पत्तिको अध्यक्षता गरेको हुन्छ। उसको मालिकको चाहना उसको हुन्छ। सम्पत्ति रेखदेख गर्ने जिम्मेवारी एक गरिमामय जिम्मेवारी हो किनभने उसको मालिकले उसलाई विश्वासमा छोडेको हुन्छ र उसमाथी आफ्नो कामकार्वाहीको भरोसा राख्दछ। यदि कुनै तरिकाले उसको मालिकले उसको जिम्मामा सुम्पिएको सम्पत्ति वा जिम्मेवारीलाई आफ्नो

स्वार्थपूर्तिको निम्ति वा मालिकको फाइदा उठाउन प्रयोग गरिन्छ तब उसको विश्वासमा छोडिएको पद उसले दुरुपयोग गरेको ठहर्छ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ९, पृ. २४६बाट रूपान्तरित।

**हाम्रो जीवनमा हामीलाई जे सुम्पिएको छ त्यसको सञ्चिता (हिफाजत)गर्न हामीलाई सुम्पिएको हो भनेर हामीले कसरी सिक्ने? यस ज्ञानलाई महसुस गर्न पुग्दा हामी जे गर्छौं त्यसमा त्यसले कसरी असर गर्दछ?**

## २. नयाँ करारमा भण्डारे वा सञ्चिता (हिफाजत)गर्ने व्यक्ति (लूका १२:४८, १ कोरन्थी ४:२)

सञ्चिता (हिफाजत)वा भण्डारेपन वा स्टुवार्ड देखाउने शब्द नयाँ करारमा इपिट्रोपोस (*epitropos)* जुन तिन पटक प्रयोग गरिएको छ भने ओइकोनोमोस (*oikonomos)* दश पटक प्रयोग गरिएको छ। ती दुवै शब्दहरूले त्यस व्यक्तिको जिम्मेवारी पद देखाउँछ जसले मालिकको सम्पत्तिको व्यवस्थित ढंगले सञ्चिता (हिफाजत)गर्दछ। मालिकले जिम्मेवारी दिएका सम्पत्ति वा भन्डारलाई रेखदेखमात्र होइन त्यसलाई मालिककै इच्छा अनुसार ठीक ठीक तरिकाले उपयोग गर्नु हो।

दुवै पुरानो र नयाँ करारमा भण्डारे वा सञ्चिता (हिफाजत)गर्ने व्यक्तिको परिभाषा उसकै कामले दिएको हुन्छ। नयाँ करारमा भण्डारेको काम मालिकले उसलाई सञ्चिता (हिफाजत)गर्न दिएको थोकहरूको हिसाबकिताब स्पष्टसँग राख्नु (लूका १२:४८) र उसलाई सुम्पेको काम अपेक्षा गरेको अनुसार गर्नु हो (१ कोरन्थी ४:२)। पुरानो करारमा हामीहरू उहाँका भण्डारे वा सञ्चिता (हिफाजत)गर्ने मानिसहरू हौं भन्दा पनि परमेश्वरको सृष्टिको स्वामित्व उहाँमा नै भएको घोषणामा केन्द्रित भएको पाउँछौं। भण्डारे वा सञ्चिता (हिफाजत)गर्ने अवधारणा दुवै करारहरूमा एउटै देखिएतापनि नयाँ करारमा केवल घरलाई व्यवस्थित गर्ने नभएर त्यो भन्दा फराकिलो अर्थ लगाइएको छ।

बेइमान भण्डारेको अर्तीकथामा (लूका १६:१-१५) येशूले भण्डारेपनलाई सरसामानको रेखदेख गर्ने मात्र नभएर अझ बढि जिम्मेवारी लिएको व्यक्तिको रूपमा देखाउँछ। केवल पैसाको लेखाजोखा नराखेर आफूलाई दुर्गतिमा ल्याउने भण्डारेलाईमात्र येशूले औंल्याउनुभएको छैन। विश्वासलाई बुद्धिमानीपूर्वक व्यवहारमा उतार्दा आत्मिक दुर्गतिबाट कसरी बच्न

सकिन्छ भनेर येशूले बुझाउन खोज्नुभएको छ। बुद्धिमानी भण्डारे वा सञ्चिता (हिफाजत)गर्ने व्यक्तिले केवल बर्तमान धनसम्पत्तिको मात्र सञ्चिता (हिफाजत)गर्दैन वा व्यवस्थित ढँगले व्यवस्थापन गर्दैन तर उसले भविष्यमा हुने येशूको दोस्रो आगमनसम्म मध्यनजर राखेर आफूलाई चलाएको हुन्छ।

**देहायका पदहरू पढ्नहोस्। ती पदहरूले भण्डारे वा सञ्चिता (हिफाजत)गर्ने व्यक्ति को हो र उसले के गर्छ भनेर कसरी बताउँछन्? हेर्नुहोस्, १ कोरन्थी ४:१,२ " १ यसरी मानिसले हामीहरूलाई ख्रीष्टका सेवक र परमेश्वरका रहस्यहरूका भण्डारे ठान्नुपर्दछ। २ त्यसबाहेक यो आवश्यक छ, कि भण्डारेहरू विश्वासयोग्य ठहरिनुपर्छ।", तितस १:७-९ "७ किनभने परमेश्वरको कारिन्दा हुनुपर्ने हुनाले बिशपचाहिँ दोषरहित हुनुपर्छ। तिनी हठी वा झट्टै रीस गर्ने, वा मतवाला, वा झगड़ालु वा धनको लोभी हुनुहुँदैन, ८ तर अतिथिसत्कार गर्ने, भलाइ प्रेमी, आफूलाई वशमा राख्ने, ईमानदार, पवित्र र संयमी हुनुपर्दछ। ९ तिनलाई सिकाइएको विश्वासयोग्य वचनमा तिनी दह्रिलो बस्नुपर्छ, ताकि तिनले पक्का सिद्धान्तअनुसार शिक्षा दिन सकून्, र ती कुराहरूको खण्डन गर्नेहरूलाई झूटा साबित गर्न सकून्।" र १ पत्रुस ४:१० "जसले जस्तो वरदान पाएको छ, परमेश्वरका अनुग्रहका विभिन्न वरदान पाएका भण्डारेझैं ती एक-अर्काको निम्ति प्रयोग गर।"**

"के मैले मेरो हृदयलाई पवित्र आत्माको निम्ति खोलिदिऊँ, ताकि मेरा प्रत्येक अङ्गको क्षमता र ममा भएको बल जागोस् जुन परमेश्वरले मेरो भरोसामा छोड्नुभएको छ? म उहाँको अनुग्रहको भण्डारे हुँ।"-एलेन जी ह्वाइट, *फन्डामेन्टल अभ क्रिश्चियन एडुकेशन,* पृ ३०१बाट रूपान्तरित।

लूका १२:३५-४८मा येशूले एक जना भण्डारेको बारेमा अर्तीकथा प्रतीकको रूपमा भन्नुहुन्छ। उहाँले मानिसको पुत्र नआउँञ्जेल एक जना बुद्धिमानी भण्डारे वा सम्पत्तिको सञ्चिता (हिफाजत)गर्ने व्यक्तिको बारेमा भन्नुहुन्छ जसले मालिक आउने ढिलो भएपनि आफ्नो काम इमान्दारपूर्वक जारी राख्दछ। फेरि त्यसै बखत अर्को बेइमानी सञ्चिता (हिफाजत)गर्नेको बारेमा कथा भन्नुहुन्छ जो आफ्नो मालिक ढिला आउने भएकोले मालिकको सम्पत्ति जथाभावी चलाउँछ र आफ्ना सहकर्मीहरूलाई दुर्व्यवहार गर्दछ। मालिकले जिम्मा दिएको बेइमान भण्डारे वा सहकर्मीहरूको हाकिम निरङ्कुस बन्दछ र आफ्नो पदको दुरुपयोग गरि आफूभन्दा मुनिका मानिसहरूलाई दमन गर्दछ। त्यस्तो मानिस असल कामको वा अनुग्रहको हाकिम हुन सक्दैन।

जब हामीले येशूलाई ग्रहण गर्छौं तब हामी भण्डारे वा परमेश्वरका स्रोतहरूलाई व्यवस्थित ढंगले चलाउने सञ्चयकर्ता हुन्छौं। तर त्यो भन्दा अझ ठूलो कुरो त इसाई जीवनको आत्मिक पक्षहरूलाई बुद्धिमानीपूर्वक सञ्चिता (हिफाजत)गर्नुपर्छ। यस्तो इमान्दारी कामले हामीहरूलाई परमेश्वरको राज्यमा पस्न तयार गर्दछ।

**हामी सेभेन्थ-डे एडभेन्टिस्ट हौं र कतिपटक येशू नआउनुभएकोले हामीमा पनि उहाँ ढिलो आउनुहुन्छ भन्ने मनस्थितिले पौडिखेलिरहेको पाउछौं। तर त्यो धोखा दिने धरापमा नपर्न हामीले के गर्नुपर्छ? हेर्नुहोस् लूका १२:४२-४८ "४२ प्रभुले भन्नुभयो, "त्यो विश्वासी र बुद्धिमानी भण्डारे को हो, जसलाई त्यसका मालिकले आफ्ना परिवारलाई निश्चित समयमा तिनीहरूका भागमा पर्ने भोजन दिनलाई खटाउनेछन्? ४३ त्यो दास धन्यको हो, जसलाई त्यसका मालिक आउँदा त्यसै गरिरहेको भेट्टाउनेछन्। ४४ साँच्चै म तिमीहरूलाई भन्दछु, तिनले त्यसलाई आफ्ना सारा सम्पत्तिमाथि अधिकार दिनेछन्। ४५ तर त्यस दासले आफ्नो मनमा "मेरा मालिक आउन ढिलाउनुहुनेछ" भनेर कमारा र कमारीहरूलाई पिट्न लाग्यो, र त्यो खान, पिउन र मात्न लाग्यो भने, ४६ त्यसले आशा नगरेको दिन र नचिताएको घड़ीमा त्यसका मालिक आउनेछन्, र त्यसलाई दण्ड दिनेछन्, र त्यसको दशा अविश्वासीहरूको जस्तो हुनेछ। ४७ "आफ्नो मालिकको इच्छा जानेर तयार नरहने र तिनको इच्छाबमोजिम नगर्ने दासले चाहिँ ज्यादै पिटाइ खानेछ। ४८ तर मालिकको इच्छा नजानेर पिटाइ खाने योग्यको काम गर्नेले थोरै पिटाइ खानेछ। प्रत्येक जसलाई धेरै दिइएको छ, त्यसबाट धेरै मागिनेछ, र हरेक जसलाई धेरै सुम्पिएको छ, त्यसबाट अझ बढ़ी लिइनेछ।"**

## ३. परमेश्वरका रहस्यहरूको सञ्चिता (हिफाजत)गर्नेहरू (१ तिमोथी ३:१६)

देहायका पदहरूमा "रहस्य" भन्ने शब्द कोरिएको छ। रहस्य भन्ने शब्द के सँग जोडिएको छ? रहस्य भन्ने शब्दले हामीलाई के बताउँछ कि हामीलाई जे थाहा छ त्यो कतिको सिमित रहेछ? हेर्नुहोस्, कलस्सी २:२,३ "२ प्रेममा एकसाथ बाँधिएर तिनीहरूका हृदय प्रोत्साहित होऊन्, र पक्का समझका परिपूर्णताको सम्पत्ति र परमेश्वरका रहस्यको ज्ञान, अर्थात् ख्रीष्टलाई प्राप्त गरून्। ३ उहाँमा नै ज्ञान र बुद्धिका सारा सम्पत्ति लुकेका छन्।" र १ तिमोथी ३:१६ "हामी स्वीकार गर्दछौं, कि हाम्रो विश्वासको रहस्य अति महान्

**छः उहाँ स्वयम् शरीरमा प्रकट हुनुभयो, पवित्र आत्माद्वारा धर्मी ठहरिनुभयो, स्वर्गदूतहरूबाट देखिनुभयो, जाति-जातिहरूका माझमा प्रचारिनुभयो, संसारमा विश्वास गरिनुभयो, महिमामा माथि उचालिनुभयो।"**

"परमेश्वरका रहस्यहरूलाई के तपाईंले बुझ्न सक्नुहुन्छ र" भनेर नामथितीको शोफरले अय्यूबलाई चुनौति दिएको थियो (अय्यूब ११:७ रूपान्तरित)। "रहस्य" भन्ने शब्दले थाहा नभएको, बुझ्न नसकिने, व्याख्या गर्न नसकिने, लुकिएको र मानिसलाई जिल्ल पार्ने, अलमलमा पार्ने र अचम्म जस्ता अर्थहरू बुझाउँछ। बाइबलमा परमेश्वरका कतिपय रहस्यहरू लेखिएका छन्। हामीहरूको समझले तिनीहरू सबै बुझ्न सकिन्छ भन्ने छैन। हामीहरूको बुद्धिले बुझ्न नसक्ने भएकोले ती रहस्यहरू अपार छन् भनेर कहलाइन्छन्। हामीहरूको आँखाले आकाशमा हेर्दा कति देख्न र बुझ्न सक्छौं र? त्यहाँ साना साना कुराहरू छन् जुन हामीले देख्न सक्दैनौं। त्यस्तै यदि परमेश्वरले हामीलाई प्रकट गर्नुभएन भने परमेश्वरका कतिपय कुराहरू हामीले बुझ्न सक्दैनौं।

**हामीलाई के प्रकट गरिएको छ भनेर व्यवस्था २९:२९ले बताउँछ? हेर्नुहोस्, "प्रकट नभएका कुराहरू परमप्रभु हाम्रा परमेश्वरका हुन्। तर हामीले यस व्यवस्थाका सम्पूर्ण वचन पालन गर्नलाई प्रकट भएका कुराहरू हाम्रा र हाम्रा सन्तानका लागि सदाको निम्ति हुन्।"**

**हामीलाई** कतिपय कुराहरू राम्रोसँग थाहा छैन। तैपनि जे थाहा छ त्यसलाई सञ्चिता (हिफाजत)गर्ने काम हाम्रो हो। बाइबलले जति प्रकट गरेका छन् त्यतिमात्र हामीलाई थाहा छ। तर हामी परमेश्वरको भक्त भएर हामीहरूको भण्डारेपन वा सञ्चिता (हिफाजत)गर्ने ठूलो जिम्मेवारी के हो त भन्दा पावलले यसरी जवाफ दिन्छन्, "हामी परमेश्वरका सेवकहरू हौं र परमेश्वरका रहस्यहरूलाई सञ्चिता (हिफाजत)गर्ने हामीहरूको काम हो" (१ कोरन्थी ४:१ रूपान्तरित)।

हामीलाई जति पनि परमेश्वरका वचनहरू र सत्यहरू देखाइएको छ वा प्रकट गरिएको छ त्यसलाई सुरक्षित राख्न, सिकाउन, जीवित राख्न र रेखदेख गर्न सुम्पिएको अभिभारालाई कायम राखोस भनेर परमेश्वर चाहनुहुन्छ। हामीमा भएको परमेश्वरका वचनका ढुकुटीहरूलाई सुरक्षा गर्ने अभिभारा नै त्यो सञ्चिता (हिफाजत)वा भण्डारेपनको चरम लक्ष्य हो। यसको

अर्थ हामीहरूले शुद्ध विवेकको आधारमा विश्वास अर्थात् निष्ठाका रहस्यहरूलाई पकडि राख्नु हो (१ तिमोथी ३:९)।

सबै रहस्यहरूभन्दा सबभन्दा ठुलो रहस्य भनेकै हामीहरूका महिमाको आशा येशूलाई अनुभव गर्न सक्नु हो। मुक्तिको योजना अलौकिक र हामीहरूले पूरा बुझ्न असम्भव छ। बनिएका देखिने र नदेखिने सारा जगतका सृष्टिकर्ता यस संसारमा आउनुभएर मानव भौतिक शरीरको रूप धारण गरेर मानिस जातिको निम्ति आफ्नो जीवन बलिदिनुभएको अवधारणामा यस्ता रहस्यहरू लुकेका छन् जुन् सृष्टिका कुनै पनि जीवले सायद कहिल्यै पनि बुझ्न सक्नेछैन। स्वर्गदूतहरू पनि अचम्म मानेर येशू यस संसारमा किन आउनुभयो भनेर त्यसको रहस्यलाई बुझ्न खोज्दछन् (१ पत्रुस १:१२)। तैपनि केले गर्दा हामीहरूले परमेश्वरको महिमा र दयालु स्वभावको प्रशंसा तथा स्तुति गर्छौं त्यो ती स्वर्गदूतहरूलाई थाहा छ (प्रकाश ५:१३)।

**सुसमाचारलाई** सञ्चिता **(हिफाजत)गर्न तपाईंलाई बोलाइएको छ। त्यसको अर्थ तपाईंको काँधमा के जिम्मेवारीहरू स्वत आएको ठान्नुभएको छ?**

## ४. आत्मिक सत्य तथा आत्मज्ञानलाई सञ्चिता (हिफाजत)गर्नेहरू (१ पत्रुस ४:१०)

जब हामी भण्डारेपन वा सञ्चिता (हिफाजत)गर्ने व्यक्ति को हो भन्दा आफ्नो हातमा वा आफूसँग भएका ठोस सामग्रीहरूको रेखदेख गर्ने व्यक्तिको बारेमा सोच्दछौं। त्यो ठीक सोच हो। तर हामीले बाइबलको परिप्रेक्ष्यमा यो हेऱ्यौं कि हामी केवल ठोस बस्तहुरूको मात्र रेखदेख गर्ने भण्डारे वा सञ्चयकर्ता होइनौं। जसरी हामीमा जुन ठोस कुराहरूलाई सञ्चिता (हिफाजत)गर्ने जिम्मा छ त्यसरी नै हामीले परमेश्वरबाट पाएका नदेखिने बरदानहरूको सञ्चिता (हिफाजत)गर्ने पनि हामीहरूको कर्तव्य हो। ती नदेखिने बरदानहरू आत्मिक सम्पत्तिहरू हुन् जुन परमेश्वरले हामीलाई दिनुभएको छ (१ पत्रुस ४:१०)। ती बरदानहरू हामीलाई यसकारण दिइएको छ कि येशू ख्रीष्टमा हामी सत्य इसाई चरित्रको निर्माण गरून् र परमेश्वरले अपेक्षा गर्नुभएको जस्ता मानिसहरू उहाँमा हामी बन्न सकौं। त्यसकारण हामीहरूमा भएका नदेखिने बरदान वा गुणहरूलाई देखिनेहरूभन्दा अझ राम्रोसँग रेखदेख गर्नु अत्यन्त आवश्यक छ किनकि तिनीहरू कहिल्यै नाश नहुने मूल्यवान छन्।

परमेश्वरले हामीलाई के दिनुभएको छ जसलाई हामीले सञ्चिता (हिफाजत)गर्नु आवश्यक छ? एफिसी ६:१०-१८मा परमेश्वरबाट हामीले पाएका नदेखिने केही उपहारहरू पावलले वर्णन गरेका छन् । हामीले पाएका ती अदृष्य ठोकहरूलाई व्यवस्थित ढँगले सञ्चिता (हिफाजत)गर्नु हामीहरूको आत्मिक जीवनको निम्ति किन निर्णायक हुन्छ? हेर्नुहोस्, "१० अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ। ११ दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। १२ किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याइँका आत्मिक सेनाहरूका विरुद्ध हो। १३ यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ। १४ यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ, १५ र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ। १६ साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। १७ मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो। १८ सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर। यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो।"

"परमेश्वरको बरदान वा उपहार येशू ख्रीष्ट हामीहरूको प्रभुमा भएको अनन्त जीवन हो" (रोमी ६:२३ रूपान्तरित)। संसार र संसारमा भएका कुनै पनि थोकहरूले येशूमा भएको जस्तो हामीमा भएको मुक्ति वा पापबाट स्वतन्त्रता दिन सक्दैनन्। परमेश्वरले हामीहरूलाई दिनुभएको पापमोचनको बरदान हामीहरूको निम्ति अत्यन्त मुल्यवान छ। जब हामी त्यस मुक्तिको वास्तविकतालाई हामीहरूको नजरमा हरदम राख्दछौं तब परमेश्वरले हामीलाई दिनुभएको अरू थोकहरूलाई पनि उचितरूपमा सञ्चिता (हिफाजत)गरिरहनुपर्छ भन्ने हामीहरूको दृष्टिकोणलाई सहयोग गर्दछ।

"केवल कल्भरीबाट चम्किरहेको ज्योतिलेमात्र प्रकृतिका पाठहरू ठीकसँग सिक्न सक्छौं। बेथलहेम र क्रुसको कथाबाट हामीले हेर्न सकौं कि खराब तथा दुष्टलाई जित्नु कति असल कुरो हो। परमेश्वरबाट खनिएको

प्रत्येक आशिष हामीहरूकै उद्धारको निम्ति बरदानको स्वरुपमा आएको हो भनेर बुझ्न सकौं।"-एलेन जी ह्वाइट, *एड्केशन,* पृ. १०१बाट रूपान्तरित।

हामीहरूको धर्मकर्म वा कुनै कामले होइन तर येशूले अन्तिम ठूलो मूल्य तिर्नुभएकोले नै हामीहरूले हामीहरूको पापमोचन भएको छ भनेर दावी गर्न सक्छौं। पावलले स्पष्टरूपमा भन्दछन्, "उहाँको अपार अनुग्रह अनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा, पाउँछौं।" (१ एफिसी १:७)। "हामीमा" भन्नुको अर्थ हामीमा मुक्ति छ भन्नु हो। यो हाम्रो हो तर केवल परमेश्वरले दिनुभएको कारणले मात्रै हो। हामीले कुनै अथक प्रयास वा धार्मिक कामहरू गरेर मुक्ति हामीहरूको हुन आएको होइन। त्यसकारण परमेश्वरका सबै हातहतियारले सुसज्जित हुनु कति आवश्यक छ (एफिसी ६:११) ताकि हामीले पाएको मुक्तिलाई दुष्ट तत्वहरूले छिनालेर लान सक्दैन। यदि हामीलाई प्रकट गरिएको परमेश्वरको वचनमा हामी निष्ठावान भएर बसेनौं भने (एफिसी ६:१७) अदृश्य दुष्ट शक्ति शैतानले हामीले पाएको मुक्तिलाई खोसेर लान उसलाई नै हामीले अनुमति दिन पुगेका हुन्छौं। हामीहरूको ठूलो सुरक्षा भनेकै हामीले पाएका परमेश्वरको वचन पालन गर्नु, विश्वास र प्रकट गरिएका आत्मज्ञानहरूमा लागिरहनु हो।

**एफिसी ६:१३-१७ अनुसार परमेश्वरको हतियारहरूले कसरी सुसज्जित भएर बस्ने?** र ती **अस्त्रहरूमा के छन् जसलाई हामीले** सञ्चिता **(हिफाजत)गर्नु आवश्यक छ?**

## ५. परमेश्वरले दिनुभएको दृश्य वा अदृश्य थोकहरूलाई सञ्चित गर्नु हामीहरूको अभिभारा (उत्पत्ति ३९:९)

**बुद्धिमानी भन्डारे** वा सञ्चिता (हिफाजत)गर्न दिएको धन सम्पत्तिलाई सुरक्षा गर्ने त्यो हो जसले उसलाई दिएको व्यक्तिगत जिम्मेवारीलाई खुशीसाथ ग्रहण गर्छ र त्यसलाई रेखदेख गर्नु आफ्नो धर्म वा नैतिकता हो भनेर ठान्दछ। व्यक्तिगत रूपमा कुनै पनि अभिभारा लिनु भनेको आफ्नै आत्मनिर्णयलाई स्वीकार गर्नु हो र त्यस अभिभारालाई कसरी कार्यान्वयन गर्ने त्यो पनि स्वइच्छामा भरपर्दछ। त्यस मानिसलाई यो पनि थाहा हुन्छ कि आफूले राम्रो काम गरे त्यसको नतिजा राम्रो हुन्छ र नराम्रो काम गरे नराम्रो नतिजा हुन्छ। सञ्चिता (हिफाजत)गर्न खटाइएको व्यक्तिको मूल स्वभाव भनेकै आफूलाई दिएको जिम्मेवारीलाई खुशीसाथ ग्रहण गर्न राजी हुनु हो।

उसको मन एकाग्र हुनुपर्छ अर्थात् उसको मालिकले सुम्पेको अभिभारालाई उसको हृदयको चासो वा चाहना अनुसार उसको उच्चतम हितमा आफ्नो ध्यान लगाउनुपर्छ। यस्तै खालको सम्बन्ध परमेश्वर र उहाँका जन अर्थात् उहाँले सुम्पनुभएको अभिभाराको सञ्चिता (हिफाजत)गर्ने व्यक्तिको बीचमा हुनुपर्छ। कुनै करकाप वा कसैले अऱ्हायो भनेर होइन आफ्नै स्वइच्छाले परमेश्वरको सम्पत्तिलाई हर्षसाथ सुरक्षित राख्नु वा चलाउन राजी हुने व्यक्तिलाई बुद्धिमानी भन्डारे वा सञ्चितक भनेर कहलाइन्छ।

"मानिसहरू परमेश्वरसँग सिधै व्यक्तिगत सम्बन्ध राखोस् भन्ने उहाँको चाहना हो। मानव जीवनमा परमेश्वरले गर्ने सबै कारोबारमा व्यक्तिगत जिम्मेवारीको नीतिलाई उहाँले मान्यता दिनुहुन्छ। परमेश्वरमाथि भर परोस् र व्यक्तिगत रूपमा उहाँको अगुवाईको आवश्यकता भएको त्यस मानिसले महसुस गरुन् भन्ने उहाँको चाहना छ। परमेश्वरले आफ्नो उपहार वा बरदानहरू सामुहिकलाई नभएर व्यक्ति व्यक्तिलाई सुम्पनुहुन्छ। परमेश्वरले प्रत्येक मानिसलाई केही न केही प्रतिभा वा दक्षता सुम्पनु भएको छ। त्यसको पहिचान गरेर त्यो परमेश्वरबाट आएको पवित्र थोक भएको मान्नुपर्छ र त्यसलाई सुरक्षा गर्नु आफ्नो कर्तव्य ठान्नुपर्छ। उसको भरोसा छोडिएको बरदानलाई परमेश्वरकै निर्देशन अनुसार चलाउनुपर्छ। सञ्चिताको निम्ति खटाइएको प्रत्येक व्यक्तिले आफूले पाएको जिम्मेवारीलाई कसरी चलाइयो भनेर परमेश्वरको सामु लेखाजोखा दिनुपर्नेछ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ७, पृ. १७६बाट रूपान्तरित।

जब हामीलाई परमेश्वरको आत्मिक वा भौतिक वा व्यक्तिगत सम्पत्ति वा उहाँले दिनुभएको अभिभारालाई सञ्चिता (हिफाजत)गर्न खटाउनुहुन्छ तब हामीहरूको मन अरू मानिस वा संस्थासँग गाँसिन नैतिकताले दिँदैन। हामीहरूको प्रथम जिम्मेवारी भनेको परमेश्वरतर्फ हो र हामीहरूका वरिपरि भएका मानिसहरूसँग गरिने कारोबारले हामीहरूको नियत वा हामी कसको खटनमा छौं भनेर प्रतिविम्ब गर्दछ (उत्पत्ति ३९:९, दानिएल ३:१६)। हामीलाई सुम्पिएको जिम्मेवारीलाई हामीहरूको शक्तिले भ्याएसम्म पूरा गर्नेछौं। हामीहरूको सफलता परमेश्वरमाथि हामीहरूको विश्वासमा र हामीले पाएको बौद्धिक सम्पदा र प्रतिभालाई कसरी शुद्धसँग चलाएका छौं त्यसमा भरपर्छ।

**बुद्धिमानी भण्डारे वा सञ्चित गर्ने व्यक्तिको सन्दर्भमा पावलले २ कोरन्थी ५:१०मा कोरेका शब्दहरूले कसरी बुझाउँछन्? हेर्नुहोस्ः "किनकि हामी सबै ख्रीष्टका न्याय-आसनको सामुन्ने खड़ा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ।"**

आत्मनिर्णय वा स्वविवेकको स्वतन्त्रता वा बर्तमान परिप्रेक्ष्यमा मानव अधिकार भन्ने बुझाउन कठिन धारणालाई लिएर दार्शनिक र धर्मका पण्डितहरूले सयौं वर्षदेखि बादविवाद गरिरहेका छन्। तर धर्मशास्त्र बाइबल सफासँग बुझाउँछः हामी मानिस जातिमा स्वविवेको स्वतन्त्रता छ, आत्मनिर्णयको अधिकार छ वा हामीले के चुन्ने नचुन्ने भन्ने अधिकार प्रत्येक मानिसलाई नै सुम्पिएको छ। नत्रभने हामीहरूको कामद्वारा हामीहरूको न्याय वा मूल्याङ्कन हुन्छ भन्ने धारणाको कुनै अर्थ हुँदैन। त्यसकारण कसैले कसैलाई फलानोले गरेर म यस्तो भएँ भनेर आफ्नो दुर्गतिलाई दोष दिने ठाउँ बाइबलले दिँदैन। प्रत्येक मानिसलाई आआफ्नो इच्छा अनुसार जिम्मा लिएर चल्ने व्यक्तिगत अधिकार छ। तर हामीले गर्ने सबै कामहरूमा परमेश्वरको अनुग्रहले ठीक निर्णय गर्न सघाउँछ। परमेश्वरले हामीलाई सुम्पन्नु भएको उहाँको सम्पत्ति, प्रतिभा, दक्षता, जिम्मेवारी आदिलाई कसरी सुरक्षित गर्ने र कार्यान्वयन गर्ने त्यसको लागि चाहिने बुद्धीज्ञान उहाँले नै दिने वाचा गर्नुभएको छ।

## उपसंहारः

**थप जानकारीः** असल भण्डारेपन वा बुद्धिमानी सञ्चयकर्ताको अर्को चिन्ह व्यक्तिगत जवाफदेहिता हो। अर्थात् जे कारोबार गरेतापनि त्यो व्यक्तिको कारोबार र जीवन पारदर्शी हुन्छ।

"येशूबाट मानिसहरूको दिमाग मानिसमा लगाइ राखोस् भन्ने शैतानको सधैं चाहना हो। मानिसमा नैतिक रूपमा जवाफदेहिता दिनु आवश्यक नभएको भन्ने मनस्थिति बनाउन दिनु शैतानको चाला हो। जब शैतानले परमेश्वरको पुत्रलाई विभिन्न प्रलोभनमा पारेर फसाउन खोजेको थियो त्यो असफल भएको थियो। तर जब ऊ पतित मानिसकहाँ आएर येशूलाई असलीरूपमा पछ्याउनु आवश्यक छैन भनेर कानेखुशी गर्छ तब उसले सफलता हासिल गर्दछ। यस परिवेशमा इसाई धर्म नै भ्रष्ट हुन पुगेको छ।"-एलेन जी ह्वाइट, अर्ली राइटिङ्गस्, पृ. २१३बाट रूपान्तरित।

जब हामीहरूको जीवनको केन्द्रविन्दु येशूलाई बनाउँछौं तब उहाँको अगुवाईको निम्ति हामीहरूको दिमागलाई खुला राख्छौं। त्यसको फलस्वरुप हामीहरूमा भएको विश्वास, उहाँमाथि निष्ठा, सफा विवेक, परमेश्वरको वचन पालन गर्ने आतुरीपना, विश्वसनीयता र व्यक्तिगत रूपमा जवाफदेहिता अर्थात् पारदर्शी जीवन मानिसहरूको सामु प्रकट गर्छौं। त्यसरी हामी सफल भण्डारे वा परमेश्वरले हामीलाई सुम्पनुभएको मानसिक, आत्मिक, भौतिक र शारीरिक ढुकुटीलाई सञ्चिता (हिफाजत)गर्नेभएर उहाँको हातमा हामी पक्का विश्वासी बनिन सक्छौं। राजा दाउदको यो प्रार्थना हाम्रो पनि हुनेछ, "२३ हे परमेश्वर, मलाई जाँच्नुहोस्, र मेरो हृदयलाई जान्नुहोस्। मलाई जाँच्नुहोस्, र मेरा चिन्ताहरूलाई जान्नुहोस्। २४ हेर्नुहोस्, ममा कुनै खराब चाल छ कि,
र मलाई अनन्तको मार्गमा डोऱ्याइदिनुहोस्।"

मानिस भएर जिम्मेवार नागरिक हुनु बाइबल नीतिको एक महत्त्वपूर्ण भाग हो। अर्थात् हामीहरूको जीवनको लेखाजोखा सफा हुनुपर्छ र सबैको सामु निष्खोट हुनुपर्छ। जब येशू यस संसारमा हुनुहुन्थ्यो तब उहाँ आफ्नो पिताप्रति व्यक्तिगतरूपमा जवाफदेही बन्नु भएको थियो (यूहन्ना ८:२८)। हामीले जे अनावश्यक वा बेकारका शब्दहरू प्रयोग गर्छौं त्यसको लेखाजोखा हामीले दिनुपर्नेछ (मत्ती १२:३६)। "यदि कसैलाई धेरै दिएको छ भने त्यसबाट धेरै नै अपेक्षा गरिएको हुन्छ" (लूका १२:४८ रूपान्तरित)। जिम्मेवार व्यक्ति बन्नुको सट्टा मलाई केको मतलब, मेरो सरोकार होइन, मलाई जे मनलाग्छ त्यही गर्छु अरूलाई के मतलब भन्ने जस्ता गैर जिम्मेवारी मनस्थिति हुनु कुनै पनि भद्र मानिसलाई सुहाउँदैन। "जुन लगानीको निम्ति हामीलाई सम्पत्ति सुम्पिएको छ त्यो हाम्रो सम्पत्ति होइन भनेर बुझ्नुपर्छ (सम्पत्ति भन्नाले हामीलाई दिएको जिम्मेवारी वा सञ्चित गर्ने अभिभारा)। यदि हो भने हाम्रो सम्पत्ति हो हामीले जे गरेपनि हुन्छ भन्ने भावनाले अभिप्रेरित हुनसक्छौं वा अरूको जिम्मेवारी हो हामीलाई के मतलब भन्ने सोचमा पर्न सक्छौं। हामीले बहन गर्नुपर्ने जिम्मेवारीलाई अरूको हातमा सुम्पने बानी हामीमा हुनसक्छ। तर यो हुन सक्दैन किनभने हामी प्रत्येकलाई परमेश्वरले दिनुभएको प्रत्येक थोकको सञ्चिता (हिफाजत)गर्न उहाँले व्यक्तिगत रूपमा हामीलाई सुम्पनुभएको छ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च*, ठेली ७, पृ. १७७बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. असल भण्डारे वा सञ्चित गर्ने व्यक्तिका गुणहरू यस अध्यायमा औँल्याइएको सोच्नुहोस्। व्यक्तिगत जवाफदेहिता वा जवाफदेहि हुनुपर्ने चरित्र, विश्वासिलो वा भरपर्दो हुनु, आज्ञाकारी बन्नु, निष्ठावान बन्नु, सफा विवेक हुनु र इमान्दारी हुनु जस्ता केही गुणहरू एक असल सञ्चितकमा हुनुपर्ने हामीले हेऱ्यौं। ती सबै गुणहरू एक आपसमा कसरी सम्बन्धित छन्? एउटामा लापर्वाही भयो भने अर्कोमा पनि लापर्वाही हुनु किन सजिलो छ? अर्थात् एउटा नीतिमा अडिग हुनसक्यो भने अर्को गुणहरूमा पनि कसरी अडिग हुनसक्छौं?

आ. कति मानिसहरू आफ्नो पर्पुरोमा हात राखेर म नराम्रो पापी मानिस छु भनेर अपराधी मनस्थितिसँग संघर्ष गरिरहने र परमेश्वरले मलाई क्षमा दिनसक्दैन भनेर दिक्क मानेर बस्दै आफ्नो जीवनलाई अर्थहीन बनाउन खोज्ने मानिसलाई सुसमाचारमा के यस्ता प्रतिज्ञाहरू छन् जसले त्यस मानिसलाई त्यस मनस्थितिबाट स्वतन्त्र पार्न सकिन्छ?

इ. निष्ठावान हुनु वा बफादारी हुनु आफैमा असल हो भनेर हामीले प्रायजसो सोच्दछौं। के त्यो सधैं त्यस्तो हो त? जुन खराब छ त्यसको पनि बफादारी वा त्यसमा निष्ठावान किन हुनसक्छ? कुन सन्दर्भमा वा परिवेशमा को बफादारी वा निष्ठावान छ सो बुझ्नु किन जरुरी छ ताकि त्यो निष्ठा असलमा वा खराबमा भएको बुझ्न सकिन्छ?

## कथा ५
## होटेलको खाना पकाउने नाइकेले सबै थोक छोडछिन्
## बेलिज, मर्सीदिज रुइज, ५४

मर्सीदिज रुइज आफ्नो काममा व्यस्त थिइन्। उनी राडिसन होटेलमा छ दिनसम्म काम गर्थिन्। उनी खाना पकाउनेहरूको मुख्य भान्से थिइन्। अमेरिकन एरलाइनका प्रथम दर्जाका यात्रुहरूको निम्ति खाना तयार पार्ने उनको जिम्मा थियो। आइतवारको दिन उनी चर्च जान्थीन्, एउटा चर्चमामात्र होइन उनी तीन वटा चर्चमा जान्थीन्। मेक्सिकोको माया जातको मर्सेदिज बेलिजमा रहन्थिन् र परमेश्वरसँग नजिक हुन उनी चाहन्थिन्। तीन वटा चर्चहरूमा गएपनि उनको हृदयमा केही न केही कमी भएको उनले महसुस गरेकी थिइन्। उनले बाइबल लिएर पढ्न थालिन् र पढ्ने क्रममा दानिएल ९ अध्यायमा आउँदा परमेश्वरको सेवक दानिएल उपबास बसेर प्रार्थना गरेको उनले पढिन्। "हे प्रभु यदि दानिएलले गर्न सक्छ भने मलाई पनि त्यसै गर्न सहयोग गर्नुहोस्" मर्सीदिजले प्रार्थना गरिन्। उनी उपवास बसेर प्रार्थना गरिन्। हरेक दिन उनले दानिएल ९ अध्यायको लामो प्रार्थना दोहोऱ्याउँथिन् र परमेश्वरसँग यो बिन्ति गर्थिन्, "हे प्रभु, सुन्नु होस्! मलाई क्षमा दिनुहोस्! मलाई सुन्नुहोस् र छिट्टो काम गर्नुहोस्! ढिलो नगर्नुहोस्! तपाईंको आफ्नै निम्ति हे मेरा परमेश्वर, तपाईंको सहर र तपाईंको नाउँलाई पुकारा गर्नेहरूको निम्ति! " (दानिएल ९:१९ रूपान्तरित)।

एक दिन चर्चमा आराधना सकेपछि बाटोमा केही पर्चाहरू छरिएको मर्सीदिजले देखिन्। उनले एउटा टिपिन्। त्यसमा सेभेन्थ-डे एडभेन्टिस्टका मानिसहरूले सुसमाचार कार्यक्रम त्यही रातदेखि गरिने घोषणा गरिएको थियो। त्यस रात उनी त्यस कार्यक्रममा गइन् र एक दिन पनि नछोडि हरेक रात त्यस कार्यक्रममा भाग लिइन्। साबथको दिन उनले आफ्नो कामबाट छुट्टी लिएर चर्चमा गइन्। जब प्रचारकले बप्तिस्माको निम्ति आह्वान गर्दा उनी पनि अघि गइन् र बप्तिस्मा लिन इच्छा व्यक्त गरिन्। आउँदो शनिवारदेखि काम नगर्ने भनेर उनले भन्दा उनको हाकिम उनीदेखि रिसाए। "पहिला त शनिवारमा काम गर्न तिमीलाई केही समस्या थिएन। के तिमीले कसैलाई माऱ्यौ वा कुनै अपराध गऱ्यौ? किन तिमी काममा आउन चाहँदैनौं?" उनको हाकिमले झोक्किएर सोधिन्। "शनिबार परमेश्वरको दिन हो भनेर म विश्वास

गर्छु र म परमेश्वरको नजिक रहन चाहन्छु" मर्सीदिजले जवाफ दिइन्। हाकिमको सहयोग नपाएपछि आफ्नो कामबाट राजिनामा दिन मर्सीदिजले निर्णय गरिन्। राजिनामाको कागज लिएर कम्पनीको मुख्य हाकिमकहाँ उनी गइन्। त्यो मुख्य हाकिम उनको हाकिमभन्दा माथिल्लो तहको थियो। आफ्नो राजिनामा स्वीकृत गर्न हाकिमको हातमा उनले राखिदिइन्। त्यस मुख्य हाकिमले चिठ्ठी पढे र त्यसलाई च्यातचुत पारेर रद्दीको टोकरीमा फैंकिदिए। "तिमीले मलाई यो पत्र कहिल्यै पनि नबुझाएको सम्झ। तिमीलाई म शनिवार छुट्टी दिन्छु र साथै तिम्रो तलब पनि बढाइ दिन्छु" मूख्य हाकिमले मनमै नसोचेको कुरा भने। शनिवार काम गर्नु नपरेकोले मर्सीदिजलाई उनको हाकिमले उनलाई झन गाऱ्हो काम दिइन् र त्यो काम सिध्याउन समय पनि तोकिदिइन्। त्यो उनको निम्ति साऱ्है गाऱ्हो काम भएको थियो। परमेश्वरसँग शक्तिको निम्ति उनले पुकारा गरिन्। एक दिन उनी काममा आउँदा उनको हाकिम मरेको थाहा पाइन्। उक्त हाकिम विवाहित थिइन् र चारजना छोराछोरीहरूको आमा थिइन्। अघिल्लो रात उनी अर्कै मानिससँग समुद्रको किनारामा घुम्न गएकी थिइन्। तिनीहरू रमाइलो गरिरहेको बेलामा हतियार लिएर गुण्डाहरूले आक्रमण गरे। भाग्ने क्रममा तिनीहरूले उनको हाकिम र केटा साथीलाई गोली हानेर मारिदिए र तिनीहरूको कारलाई लिएर भागे।

मर्सिदिजलाई अब केही तनाव भएन। "मेरो प्रत्येक साबथ र काम गर्ने दिनहरू मलाई रमाइलो लाग्छ।" उनले भनिन्। तर त्यो केवल मर्सीदिजको कथाको सुरूमात्रै थियो। केही वर्ष पछि उनको श्रीमानको मृत्यु भयो र आफू बसेको घरबाट आफ्ना हुर्केका छोराछोरीहरू लिएर अर्कै घरमा सरे। आफ्नो जीवन उले येशूलाई समर्पण गरिन् र पास्टरसँग बाइबल अध्ययन गर्न अनुरोध गरिन्। शुक्रबारको दिन उनको घरमा आएर बाइबल पढाउँछु भनेर पास्टरले वचन दिए। "यदि बाइबल अध्ययन मेरो लागि असल छ भने अरूलाई पनि म सुनाउनु चाहन्छु" मर्सीदिजले सोचिन्। त्यसकारण उनले आफ्ना छिमेकीहरूलाई पनि बाइबल अध्ययनमा सहभागी हुन बोलाइन्। उनको घरको आँगनमा पाल टाँगिन् र मेचहरू राखिन् पास्टरको निम्ति टेबुल राखिन् र अरूहरूको निम्ति मेचहरू राखिन्। उनले मीठो खाजाहरू पनि तयार गरिन्। शुक्रबार बेलुका धेरै मानिसहरू आएकोले पास्टरले अचम्म माने। जब त्यस रात बाइबल अध्ययन सकियो अर्को हप्ता पनि बाइबल अध्ययन गर्ने भनेर पास्टरले भने। मर्सीदिजले त्यो घोषणा अचम्म मानिन् किनकि बाइबल

अध्ययन केवल एक शुक्रबारको निम्तिमात्रै थियो भनेर उनले सोचेकी थिइन्। हप्तै पिच्छे धेरै मानिसहरू बाइबल अध्ययन गर्न आए। त्यस सहरमा कुनै एडभेन्टिस्ट चर्च थिएन। उनले आफ्नै घरमा चर्च चलाउन थालिन्। उनको छिमेकीहरू खुशीसाथ घरेलु चर्चमा आउँथे। बाइबल अध्ययनको कारणले १६ जना मानिसहरूले बप्तिस्मा लिए। मर्सीदिजले त्यस सहरमा एक वर्षपछि एडेन्टिस्ट चर्च स्थापना गर्न बिऊ रोपिन्। तर उनले अझ धेरै कामहरू गर्न चाहन्छिन्। उनी आफ्ना माया जातिहरूलाई सुसमाचार सुनाउन चाहन्थिन्। उनी ग्लोबल मिसन पायोनियर भइन्। ग्लोबन मिसन पायोनियरले जहाँ सुसमाचार पुगेको छैन त्यहाँ सुसमाचार सुनाउन जान्छ। अब मर्सेदिजले बेलिजको राजधानी बेल्मोपानमा बढिरहेको माया जातिका विश्वासीहरूको अगुवा गर्छिन्। "त्यसरी म सुसमाचार सुनाउने काममा संलग्न भएँ। त्यो काम मलाई मन पर्छ। यो मेरो जीवनको समर्पणता हो र मलाई धेरै खुशी लाग्छ" ५४ वर्षकी मर्सिदिजले भन्छिन्।

(लेखकः आन्द्रु मेकचेसनी)।

**बेलिजको बारेमा जानकारीः** बेलिज मध्य अमेरिकामा कम जनसंख्या भएको देश हो। त्यहाँ १५ किलोमिटर परिधिमा केवल १५ जना मानिसमात्र छन्। बेलिजमा ५०० थरिका अर्किड अर्थात् सुनाखरी फूलहरू पाइन्छ। बेलिजमा पाइने कालो बाँदर संसारको कुनै पनि बाँदरहरू भन्दा ठूलो आवाजले चिच्याउने बाँदरहरू हुन्। काजुको रुखहरू बेलिजको जङ्गलमा पाइन्छ। काजु स्याउ भन्ने फलबाट काजुहरू फल्छन्। त्यहाँ पाइने काजुको मिठाइ बनाइन्छ तर काजुको खोलहरू भन्ने बिषाक्त हुन्छन्।